- अन्तरवार्ताको लागि छनौट गरिएका निवेदनकर्ताहरु मात्र अन्तर्वातामा संलग्न गराईने छ ।
- यस केन्द्रको छनौट समितिद्वारा छानिएका निवेदकहरुलाई मात्र तालिममा संलग्न गराउने छ ।
- फाराम २१ डिसेम्वर सन् २०१२/६ पौष २०६९ भित्र बुझाउनु पर्दछ ।

नोट : *छानिएका निवेदकहरुलाई अन्तरवार्ताको मिति फोन द्वारा जानकारी गराइने छ ।*
*अन्तरवार्ताद्वारा छानिएका व्यक्तिहरुको नामावलि ३१ डिसेम्वर सन् २०१२ । १६ पौष २०६९ का दिन यसै संस्थाको सूचना पाटीमा टाँसिने छ ।*

## तालिम कार्यक्रम तालिका सन् २०१२

| | |
|---|---|
| २१ जनवरी २०१३ | : Hostel सहभागीहरु आई पुग्नु पर्ने |
| २२,२३,२४ जनवरी | : परिचयात्मक कार्यक्रम |
| २५ जनवरी | : कक्षा संचालन |
| २८ जनवरी | : फिल्ड शुरु |
| २१ सेप्टेम्वर, २०१३ | : दिक्षान्त समारोह |

## छात्र तथा छात्रावासको सुविधा

महिला तथा पुरुष सहभागीहरुको लागि छुट्टा छुट्टै वस्ने व्यवस्था मिलाइएको छ । छात्र/छात्रावास लाई सिक्ने सिकाउने वातावरण अभिबृद्धि गर्न सवै सहभागीहरुको तर्फवाट मैत्रीभावको आवश्यकता हुन्छ । केन्द्रको सम्वन्धित कर्मचारीको सहयोगमा सहभागीहरुलाई छात्र/छात्रावास संचालन गर्न दिइने छ । छात्र / छात्रावासमा गरिने विभिन्न क्रियाकलापहरु व्यवस्थित रुपमा गर्न सहभागीहरु वीच राम्रो समन्वय हुनुपर्ने छ

छात्र / छात्रावास संचालनको लागि सहभागीहरुको तर्फवाट पालै पालो नेतृत्व गर्ने व्यक्ति छानिने छ । यसरी छानिएको व्यक्तिले छात्र / छात्रावासलाई प्रदान गरिएको वजेट खर्च गरी ठिक तरीका वाट चलाउनु पर्ने छ । छात्र / छात्रावास आकर्षक र सफा राख्ने जिम्मा छात्र / छात्रावासमा वस्ने सवै सहभागीहरुको हुने छ ।

छात्र / छात्रावासमा रहने सहभागीहरुले निम्न कुराहरु आफ्नो साथमा ल्याउनु पर्ने छ ।

१. तन्ना २ वटा
२. तकिया खोल २ वटा
३. व्यक्तिगत प्रयोगका सामानहरु
ब्रस, साबुन इत्यादी
४. छाता
५. टर्च लाईट

निम्न कुराहरु यस संस्थाबाट प्रदान गरिने छ ।

१. भाडाकुंडाहरु २. ओछ्यान
३. सिरक ४. फर्निचर
५. तकिया

## तालिम शुल्क

*(भर्ना हुदा एक मुस्ट बुझाउनु पर्ने रकम)*

| | |
|---|---|
| दरखास्त फाराम शुल्क | रु. १००/०० |
| भर्ना शुल्क | रु. १५००/०० |
| धरौटी | रु. १५००/०० |



कूल तोकेको रकमको ५० % रकम

## कूल तालिमको शुल्क

- Hostel मा वस्ने सहभागीको लागि
  रु. ५७,५००/००
- दीवा सहभागीको लागि
  रु. ३०,५००/००

नोट : *माथि उल्लेखित बाहेक अन्य व्यक्तिगत खर्चहरु सहभागी स्वयंले व्यहोर्नु पर्ने छ । रु. १ हजार ५ सय धरौटीको रुपमा रहने छ । यो रकम तालिमको समाप्ति पछि सम्बन्धित पक्षलाई फिर्ता गरिने छ । छात्रवृति पाउने सहभागीको हकमा धरौटी रकम फिर्ता हुने छैन ।*



## CURRICULUM 2013

**Social Work:**
- Theories & Principles of Social Work
- Social Work Administration
- Clinical Social Work
- Psychology

**Community Development:**
- Theories & Principles of CD
- Development Trends and Practices in Nepal
- Animation an Social Change
- Community Analysis
- Gender & Development
- Non-formal Education (REFLECT)
- Participatory Rural Appraisal (PRA)
- Saving & Credit Process
- Human Rights
- Environment

**Special Topics:**
- Community Health
- Sustainable Agriculture
- Training of grassroots level trainers (TOT)
- Conflict Transformation/Peace Building
- Report/Proposal Writing
- Disaster Management
- Micro Enterprises
- Exposure Trips

**Practical Classes**
- Field Placement
- Block Placement
- IS
- Extra Curricula Activates

**Communication Media:**
- Principles & Theories of Development
- Communication
- Street Play

**सेवाको लागि**
**युवा तालिम**

# नौं महिने
# सामाजिक सेवा तालिम
# कार्यक्रम

**जनवरी २१ - सेप्टेम्वर २१, २०१३**

**सामाजिक सेवा अध्ययन केन्द्र**
**खुमलटार, ललितपुर**
**पो. ब. नं. ८९७५, ई. पि. सि. ८६०**
**काठमाडौ, नेपाल ।**
**फोन नं. ५ ५२२८५३, ५ ५२३ ६१५**
ई मेल : swi@wlink.com.np
www.swi-nepal.org

## परिचय

सामाजिक तथा ग्रामिण बिकासको क्षेत्रमा पेशागत रुपमा सलग्न भई काम गर्न चाहने व्यक्तिहरुको लागी सामाजिक सेवा अध्ययन केन्द्र द्वारा सामुदायिक सेवा विषयको नौ महिने तालिम कार्यक्रम संचालन गदै आईरहेको छ । यस केन्द्रको स्थापना बि. सं. २०४३ साल (सन् १९८७) मा भएको हो । यस केन्द्रको जन्म नै गाउँ स्तरमा वास्तबिक रुपमा पछाडि पारिएका जनताहरु सँग कार्यरत कार्यकर्ताहरुलाई तालिमको संचालनबाट नै भएको हो । नेपालको बिद्यमान परिस्थितिमा एक पेशागत र परिपक्व सामाजिक तथा विकास कार्यकर्ता निमार्णको लागी यस नौ महिने तालिमले हरेक सहभागीहरुलाई बिविध सिद्धान्त, बिधी, सोचाई, सिप र व्यक्तिगत विकासका क्रियाकलापहरु सँग परिचित गराउने र सहभागी बनाउने गरिन्छ । समग्रमा नेपालको बिकासको महत्वकांक्षा बोकेका लगनशिल र चरित्रवान व्यक्तिहरुलाई यस तालिममा बढि प्राथमिकता दिईने छ ।



सामाजिक न्याय, समानता, सत्यता (Openness) सचेतता प्रति प्रतिबद्धता नै यस केन्द्रको मूल मान्यताहरु हुन । अत: यसले हरेक सहभागीहरुले स्वयमको बिकासको लागी प्रतिबद्ध भएको हेर्न चाहन्छ र हरेकले सोही अनुसारको मुल्य मान्यता र धारणा अनुसार व्यवहारहरु देखावस भन्ने आशा राख्दछ ।


तालिम मुख्यतया पाँच खण्डमा बिभाजित छ । कक्षा शिक्षण ( Class Room), Field Placement, Block Placement, स्व: अध्ययन (Independent Study), छात्र / छात्रावास (Hostel) । यि सबै सहभागीहरुको क्षमता अभिवृद्धिका लागी समान महत्वका छन् र यिनीहरुको परिपुरकको रुपमा रहेको छ । यस केन्द्रको तालिमले सहभागीहरुलाई बिकासका विविध पक्षहरुसँग परिचित गराउँछ । साथै छात्र र छात्रावासको पारिवारिक वातावरणले तालिमको सिकाईलाई अझ अनुकूल प्रभाव पार्दछ । त्यसकारण उपरोक्त पारिवारिक वातावरणलाई खलल नपार्न हरेक वर्ष बढिमा २५ जना मात्र सहभागीहरु लिने नीति लिईएको छ । यस नीतिले केन्द्रको तर्फबाट हरेक सहभागीहरुको बिकासको लागी विशेष टेवा पुऱ्याउन मद्दत मिलेको छ । तालिममा सिकाईएको प्रकृयालाई अझ प्रभावकारी र फलदायी बनाउनको लागी सबै कक्षाहरु सहभागिमूलक बिधिबाट संचालन गर्न र सबै सहभागीहरुलाई आफ्नो बिचारहरु खुल्ला र स्वतन्त्र रुपमा अभिव्यक्त गर्न प्रोत्साहित गर्ने गरिन्छ । यो तालिम सकिसकेपछि सहभागीहरुलाई प्रमाण पत्र प्रदान गरिने छ ।

## उद्देश्य

अति पिछडिएका ग्रामिण जनजीवनमा सबैभन्दा तल्लो तह / स्तरका जनताहरुको जीवन शैलीमा साँचो अर्थमा सकारात्मक परिवर्तन ल्याउन चाहने व्यक्तिहरु तयार गर्नु नै यस केन्द्रद्वारा संचालित नौ महिने सामाजिक सेवा तालिमको प्राथमिक उद्देश्य हो । नौ महिनाको दौरानमा तल लेखिएका यि उद्देश्यहरु परिपूर्ति हुने छ ।



१. व्यवसायिक सामाजिक सेवा कार्यकर्ता हुन अति आवश्यक गुणहरु- ज्ञान, शीप, धारणाहरु संग सामान्य परिचित गराउँने ।
२. सहभागीहरुलाई नेपालमा प्रचलित सामाजिक तथा विकास सम्बन्धी विभिन्न अवधारणा प्रति परिचित गराउँने
३. देशको आवश्यकता तथा श्रोत र क्षमताको विषयमा सचेत गराउँने ।
४. सहभागीहरुको व्यक्तिगत विकास अभिबृद्धि गर्न जोड दिने ।
५. सहभागीहरुलाई स्वावलम्वि वन्न प्रोत्साहित गर्ने तथा आत्मनिर्भर हुन उत्प्रेरित गर्ने ।
६. सहभागीहरुलाई तिनीहरुको आफ्नो कार्यक्षमताको अधिकत्तम प्रदर्शन गर्न, व्यक्तिगत क्षमता तथा आत्म ज्ञानको बारेमा अवगत गराउँन मद्दत गर्ने ।



७. सहभागीहरुलाई एक सामाजिक सेवकले सामना गर्नु पर्ने विविध चुनौतिहरु संग जुध्न सक्षम बनाउँने ।
८. देश निर्माणको लागि योगदान दिन सहभागीहरुलाई प्रोत्साहित गर्ने ।

## तालिमको स्वरुप

### सैधान्तिक कक्षा

करिव पाँच महिना सम्म हप्ताको दुई दिन सैद्धान्तिक कक्षा दिईने छ । ( विहिवार र शुक्रवार )

### Field Placement

हप्ताको तीन दिन व्यवहारिक कक्षा काठमाडौ उपत्यका भित्रका बिभिन्न संघ संस्थाहरुमा काम गर्न पठाईने छ । (स्वयं सेवकको रुपमा)-सोमवार देखि बुधवार ।

### Block Placement

ग्रामिण क्षेत्रमा कार्यरत गैर सहकारी संस्था संग रही त्यस क्षेत्रको सेवा साथै अध्ययन ४५ दिनको हुने छ ।

### विशेष कक्षाहरु

बिशेष कक्षाहरु पुरा दिनको हुने छन् । यो प्रत्येक विषय एक हप्ता वा सो भन्दा बढि दिनको हुने छ ।

### अवलोकन भ्रमण

तालिमको अवधि भित्र सहभागीहरुलाई बिभिन्न संस्था/स्थानहरुमा अवलोकन भ्रमण गराईने छ ।

### स्व: अध्ययन

छानिएका निरिक्षकको सहयोगमा हरेक सहभागीले दिईएको बिषयमा स्व: अध्ययन तयार पार्दछ ।

## अन्य क्रियाकलापहरु

छात्र / छात्रावासको नियमित बैठक, कर्मचारीहरुसंगको बैठक, Talk Programme, Debate, हाजिरी जवाफ, Creative Presentation, Talent Show, Cultural Programme, रात्री भोज तथा अन्य क्रियाकलापहरु पनि तालिमको अवधि भित्र गरिने छ ।

## सहभागीहरुको योग्यता

- SLC वा सो सरह उत्तिर्ण ।
- नेपाल र नेपालीहरुको सेवा गर्ने प्रतिबद्धता ।
- सामाजिक र नैतिक मुल्यहरु प्रति प्रतिबद्धता
- तालिम पुरा भैसके पछि दुई वर्ष सम्म सेवामा लाग्ने ।
- समाजमा सकारात्मक परिर्वतन ल्याउन ईच्छुक र सोही अनुसारको अवधारणा भएको ।
- नेपाली जनताहरुको सेवा र बिकासको लागी आफ्नो तर्फबाट त्याग गर्न तत्पर ।

## निवेदन दिने प्रक्रिया

- निवेदन फारम यस संस्थाबाट प्राप्त गर्न सकिने छ । अथवा यस संस्थाको website वाट उक्त फारम download गर्न सकिने छ ।
- उक्त फारम यस केन्द्रले तोकिएको मिति भित्र पासपोर्ट साईजको दुई प्रति, अटो साइजको एक प्रति फोटो सहित बुझाउनु पर्ने छ ।